## बृन्दावन नगरपालिका

## स्थानीय राजपत्र


# आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५

## (पहिलो संशोधन, २०८०)


**खण्डः ६** **संख्याः ६**

**पारित मितिः २०८०।०७।०२** **प्रमाणिकर मितिः २०८०।०७।१३**


**भाग-२**

**प्रस्तावनाः**

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उप-दफा (७) अनुसारको अधिकार र दायित्व रहेको विद्मान अवस्थामा नगरपालिका भित्र भौतिक एवम् आर्थिक रूपले पछाडि परेका सामाजिक पछौटेपन, भौतिक निर्माण गर्दा व्यक्तिको हुने क्षति तथा दैवि प्रकोपबाट हुने क्षतिलाई मध्यनजर गर्दै स्वीकृत बजेटको अधिनमा रही नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहयातालाई प्रभावकारी एवम् मितव्ययी तथा सहज बनाउनका लागि आर्थिक सहयाता प्रक्रियालाई व्यवस्थित र मितव्ययी बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकारको प्रयोग गरी नगर कार्यपालिकाको मिति २०७५।०९।११ को निर्णयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बृन्दावन नगरपालिका आर्थिक सहायता व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" रहनेछ।

(२) यो कार्यविधि तुरून्त लागू हुनेछ।

**२. परिभाषाः** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "भौतिक संरचना भन्नाले घर, टहरा, सडक, ढल, कल कारखाना, स-साना उद्योग जस्ता पूर्वाधारलाई जनाउनेछ।

(ख) आर्थिक रूपले पछाडी परेका भन्नाले यस नगरपालिका भित्र बसोबास गर्ने दैनिक ज्याला मजदुरी गरी जीवन यापन गर्ने अति गरीब, विपन्न, पिछडा वर्गमा परेका व्यक्तिहरूलाई जनाउनेछ।

(ग) "समाजिक पछौटेपन" भन्नाले शिक्षा, स्वास्थ्य, सामाजिक सेवा तथा अनुदान जस्ता आधारभूत सेवा सुविधाबाट बञ्चित व्यक्ति, समुह वा परिवार सम्झनु पर्छ।

(घ) "भौतिक निर्माण गर्दा व्यक्तिको हुने क्षति" भन्नाले नगरपालिका वा अन्य सरकारी निकायले सडक, नाला, सिँचाईका लागि कुलो , पैनी, नहर निर्माण, विद्युतिकरण, खानेपानी ट्यांकी निर्माण तथा पाइप बिछ्याउने कार्य, सरकारी भवन निर्माण आदि जस्ता सार्वजनिक हित तथा विकास निर्माणका कार्य गर्दा कुनै व्यक्ति, समूह वा परिवारको निजि घर जग्गा, रूख तथा बोटबिरूवा आदि जस्ता क्षतिलाई सम्झनु पर्छ।

* पहिलो संशोधन, २०८०

(ङ) "दैवि प्रकोपबाट हुने क्षति" भन्नाले आगलागि, भुकम्प, बाढी पहिरो, असिना, हावाहुरी, अत्यधिक चिसो, अत्यधिक गर्मी आदीबाट हुने मानविय, पशु पंक्षी, अन्नबाली, नगदेबाली, दालबाली, खदान्न, भौतिक पूर्वाधार, घर टहरा, विद्युतिय सामग्री आदि जस्ता क्षतिलाई सम्झनु पर्छ।

(च) असाध्य रोग भन्नाले नेपाल सरकारले निःशुल्क रूपमा उपचारको लागि तोकेको दिर्घ रोग जस्तैः- मुटु रोग, क्यान्सर, मृगौला, स्पाइनल इन्जुरी, पक्षघात सम्बन्धी कडा रोग सम्झनु पर्छ।

(छ) धार्मिक सहायता भन्नाले तराईमा प्रचलित प्रमुख पर्व जस्तैः कृष्ण जन्माष्टमी, विश्वकर्मा पूजा, दशैँ (दुर्गा पूजा), दिपावली, छठ, सरस्वती पूजा, होली, महावीर झण्डा, ईद, बकरइद, रमजान, क्रिसमस, समाचकेवा आदि लगायतका महत्वपूर्ण पर्वहरू सम्झनु पर्छ।

(ज) खेलकुद भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय खालका खेलहरूबाट नगरको सकारत्मक परिर्तवन गर्ने प्रकृतिका खेललाई सम्झनु पर्छ।

(झ) कृषि तथा पशु विकास भन्नाले उन्नत खालका कृषि तथा पशु विकासबाट नगरपालिकालाई पहिचान दिन सक्ने सम्झनु पर्छ।

**३.** (क) "आर्थिक सहायता" भन्नाले कुनै व्यक्ति, समूह वा परिवारलाई दिइने नगद सहयोग, चन्दा वा दान आदीलाई सम्झनु पर्छ।

(ख) **"आधिकारिक व्यक्ति"** भन्नले आर्थिक सहायता दिनु भनी तोक आदेश दिने नगर प्रमुख, नगर उप-प्रमुख वा कार्यालय प्रमुखलाई सम्झनु पर्छ।

(ग) "आर्थिक सहायता लिने व्यक्ति" भन्नाले दफा (२) मा उल्लेखित परिधि भित्र परेका व्यक्तिहरूलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## आर्थिक सहायता सिमा

**४. "आर्थिक सहायता सिमा":** (१) आर्थिक सहायता सिमा भन्नाले तपसिल बमोजिम सम्झनु पर्दछ।

(क) भौतिक संरचना क्षति हुनेलाई वडा कार्यालयको सिफारिस र नगर प्रमुखको तोक आदेशका आधारमा रू. ५०००।- देखि रू. १००००।- सम्म अनुदान सहायता दिन सकिनेछ।

*(ख) आर्थिक रूपले पछाडि परेकालाई औषधी उपचार (जस्तै एइस, किडनी, स्पाइनल इन्जुरी क्यान्सर, पक्षघात, मुटुरोग, क्षयरोग जस्ता प्राणघातक रोग), काजक्रिया, छोरीको बिहे, वेवारिसे लास जलाउने, जलासय युक्त पोखरी, नदीनालाबाट लास निकाल्ने तथा विषेश शिक्षादीक्षाका लागि अधिकारिक व्यक्तिको तजबिज र वडा कार्यालयको सिफारिसमा र नगर प्रमुखको तोक आदेश अनुसार रू. ५०००।- देखि रू. २५०००।- सम्म दिन सकिने।

(ग) सामाजिक पछौटेपनमा परेकालाई वडा कार्यालयको सिफारिसमा रू. १०००।- देखि रू. ५०००।- सम्म दिन सकिने।

(घ) दैवि प्रकोपबाट हुने क्षतिलाई आधिकारिक व्यक्ति र सम्बन्धित वडाको सिफारिसमा रू. २०००।- देखि रू. १५०००।- सम्म दिन सकिने।

* (पहिलो संशोधन)

(ङ) मृगौलाको डाइलोसिस, क्यान्सर, स्पाइनल इन्जुरी, पक्षघात, मुटुको बाईपास सर्जरी लगायत नेपाल सरकारले तोकेका निःशुल्क उपचार हुन सक्ने कडा (असाध्य) रोग लागेका यस नगरपालिका भित्रका जनताहरूलाई जिल्ला सिफारिस समितिले सिफारिस गरेको र अस्पतालबाट रोग खुलेको कागजको आधारमा रू. २०००।- देखि रू. २५०००।- सम्म अनुदान दिन सकिन्छ।

(च) धार्मिक क्षेत्रको विकास र सहयोगको लागि सम्बन्धित वडाको सिफारिस एवम् धार्मिक कार्य गर्ने समिति वा संस्थाको अवस्था अनुसार रू. २०००।- देखि बढीमा २००००।- सम्म धार्मिक अनुदान सहायता दिन सकिनेछ। सो भन्दा माथि कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

(छ) खेल र खेलाडीको सहयोग तथा विकासका लागि प्रोत्साहन स्वरूप खेलको प्रकृति अनुसार रू. २०००।- देखि बढीमा १५०००।- सम्म खेलकुद प्रोत्साहन अनुदान सहायता दिन सकिनेछ।

(ज) कृषि तथा पशुको उन्नत बिउ बिजन तथा नमुना कृषि तथा पशु विकासमा लागेका कृषक तथा कृषक समुहलाई प्रोत्साहन स्वरूप रू. २०००।- देखि बढीमा १००००।- सम्म अनुदान सहायता दिन सकिनेछ।

(झ) आर्थिक सहयोग, चन्दा, पुरस्कारको लागि बढीमा रू. ३००।- सम्म अनुदान सहायता दिन सकिनेछ।

(ञ) आर्थिक सहायता, चन्दा, पुरस्कारलाई आधिकारिक व्यक्ति वा नगर प्रमुखको तोक आदेशबाट खर्च गर्नु पर्नेछ।

*(ट) यसमा उल्लिखित बाहेक अन्य आर्थिक सहयोगको हकमा नगर कार्यपालिकाको निर्णयानुसार गरिनेछ।

## परिच्छेद-३
## आर्थिक सहायता र कोष

****५. आर्थिक सहायता भुक्तानी प्रक्रियाः** आर्थिक सहायताको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ।

(१) परिच्छेद-२ बमोजिमको आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम विवरण सहितको निवेदनमा नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतबाट तोकआदेश गरी प्रमुख प्रशासकीय अधिकृतले भुक्तानी दिनु पर्नेछ।

(क) व्यहोरा खुलेको निवेदन, नागरिकताको प्रमाणपत्रको फोटोकपी र सम्बन्धित वडा कार्यालयको सिफारिस।

(ख) उपचारको हकमा अस्पतालले चेकजाँच गरेको कागजात।

(२) सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्नेछ।

(३) नगर सभाले विनियोजन गरेको बजेटको परिधी भित्र रहि एक व्यक्ति, संघ संगठनलाई एक पटक भन्दा बढी आर्थिक सहयोग गरिने छैन।

****६. सहायता सम्बन्धी बजेट व्यवस्थाः** यस कार्यविधिको अधिनमा रहि खर्च गर्ने गरी वार्षिक रूपमा निश्चित रकम नगरसभाबाट विनियोजन भए बमोजिम आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ, उक्त रकम अपुग हुने अवस्थामा तपसिल बमोजिम खर्च लेख्न बाधा पुगेको मानिने छैन।

** (पहिलो संशोधनबाट थप गरिएको)

(१) दुर्घटना तथा विपद् राहत व्यवस्थापन सम्बन्धमा नगरपालिका वा वडा स्तरमा रहेको विपद् व्यवस्थापन कोषबाट खर्च लेख्नु पर्नेछ।

(२) जटील/कडा किसिमका रोगहरू तथा दीर्घ रोगीको सम्बन्धमा नगरपालिकाको स्वास्थ्य सम्बन्धी कोष तथा कार्यक्रमबाट खर्च लेख्नु पर्नेछ।

(३) संघ संगठनहरूले गर्ने कार्यक्रममा सहयोग प्रदान गर्दा सकेसम्म सम्बन्धित विषय क्षेत्रमा विनियोजित बजेट तथा कार्यक्रमबाट खर्च लेख्नु पर्नेछ।

(४) नगरपालिकाबाट सहयोग/सहायता गर्नुपर्ने कार्यक्रममा नगरपालिकाको विनियोजित बजेटबाट गर्ने गरी सहयोग कार्यान्वयन गर्दा सम्झौता/समझदारी पत्रमा हस्ताक्षर गरी सोको शर्तहरू बमोजिम गर्नु पर्नेछ।

## परिच्छेद-४
## विविध

**७. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिमा कुनै बाधा अड्काउ परे नगर कार्यपालिकाको निर्णयबाट फुकाउन सक्नेछ।

**८. परिमार्जन तथा संशोधनः** कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाको निर्णयबाट परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

**९. निवेदनको ढाँचाः** आर्थिक सहायता पाउन अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

अनुसूची-१

(दफा-७ सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

मितिः-

श्रीमान् नगर प्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,

बृन्दावन नगरपालिका, विश्रामपुर, रौतहट।

**विषयः-** आर्थिक सहायता उपलब्ध गराई दिनुहुन।

महोद्‌य,

प्रस्तुत विषयमा म/हामी ....................................................... रोगले ग्रसित भई ............................ गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौँ। उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि ताहाँ कर्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निःशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस तथा हल गरिदिनु हुन तपसिलका कागजातरू यसैसाथ संलग्न राखी पेश गर्दछु/गर्दछौँ।

**तपसिल**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि

२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/.................................................... को प्रतिलिपि

३. अस्पतालको रिपोर्ट

४. ...................................................

निवेदक

| क्र.सं. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**आज्ञाले,**

**नामः रास नारायण पटेल**

**नि. प्रमुख प्रशासकीय अधिकृत**